# दुल्लू नगरपालिकाको शिक्षा (पहिलो संशोधन) ऐन, २०७९

संशोधन प्रमाणिकरण मिति : २०७९।०३।३१

दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दल्लू नगरपालिकाको १२ औं नगरसभाबाट **"दुल्लू नगरपालिकाको शिक्षा (पहिलो संशोधन) ऐन, २०७९"** पारित गरी लागु गरीएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **दुल्लू नगरपालिकाको शिक्षा (पहिलो संशोधन) ऐन, २०७९** रहेको छ।
(२) यो ऐन सम्वत् २०७९ श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२. **दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ११ मा संशोधन :** दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ (यस पछि मूल ऐन भनिएको) को दफा ११ को उपदफा (४) पछि देहाय अनुसार उपदफा (४क), (४ख) र (४ग) थप गरिएको छ :

(४क.) कुनै सामुदायिक विद्यालयले उद्यमशील विद्यालयको रुपमा सञ्चालन हुन ईच्छुक भई नगरपालिका समक्ष निवेदन पेश गरेमा उद्यमशील विद्यालय सञ्चालनको लागि नगरपालिकाले अनुमति दिन सक्नेछ।

(४ख.) कुनै व्यक्ति वा संस्थाले नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयको सञ्चालन तथा व्यवस्थापनको जिम्मा लिन चाहेमा सम्वन्धित व्यक्ति तथा संस्थाले तोकिए बमोजिम नगरपालिका समक्ष पेश गरेको विद्यालय विकास योजनाको आधारमा कवुलियत गरी सञ्चालन तथा व्यवस्थापनका लागि तोकिए बमोजिम जिम्मा दिन सक्नेछ।

(४ग.) उपदफा (४क) र (४ख) को कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्नुपर्नेछ।

३. **मूल ऐनको दफा २३ को खण्ड (ठ) संशोधन :** मूल ऐनको दफा (ठ) मा "लगातार तीन वर्षसम्म" शब्दहरुको सट्टा "लगातार तीन पटकसम्म" भन्ने शब्दहरु राखिएका छन् । भने खण्डको अन्त्यमा "साथै यस्ता परीक्षाहरु कम्तिमा २ महिनाको अन्तरालमा संचालन गरिनेछन्" भन्ने शव्दहरु थप गरिएका छन् ।

४. **मूल ऐनको दफा २३ को खण्ड (क्ष) संशोधन :** मूल ऐनको दफा (क्ष) मा "विभागीय कारवाहीका लागि शिक्षा समितिमा पेश गर्ने" शब्दहरुको सट्टा "विभागीय कारवाही गर्ने" भन्ने शब्दहरु राखिएका छन् ।

५. **मूल ऐनको दफा २९ मा संशोधन :** मूल ऐनको दफा २९ को उपदफा (५) पछि देहाय अनुसार उपदफा (५क) थप गरिएको छ :

(५क.) कुनै सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको कार्य अवधि समाप्त भएको मितिले दुई महिना सम्म पनि विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा नगर प्रमुखले तपसिल बमोजिमका व्यक्तिहरु मध्येबाट सम्वन्धित विद्यालयको प्रधानाध्यापक तथा वडा अध्यक्षसँगको परामर्शमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य तोकि पठाउन सक्नेछ । यसरी अध्यक्ष तोकिने व्यक्ति उक्त विद्यालयको अभिभावक हुन अनिवार्य हुने छैन तर सदस्यको हकमा विद्यालयको अभिलेखमा अभिभावक जनिएको व्यक्ति हुनु पर्नेछ।

(क) शिक्षा क्षेत्रमा क्रियाशिल रही योगदान पुर्‍याएको व्यक्ति,

(ख) राष्ट्रसेवक भई सेवा निवृत्त भएको व्यक्ति

(ग) यस ऐन बमोजिम अन्य योग्यता पुगेको व्यक्ति

६. **मूल ऐनको दफा ५८ मा संशोधन :** मूल ऐनको दफा ५८ को उपदफा (५) पछि देहाय अनुसार उपदफा (५क) थप गरिएको छ :

(५क.) कुनै विद्यालयमा प्राथमिक तहको स्वीकृत दरवन्दी रिक्त हुन गई उपदफा (५) अनुसारको सूचना प्रकाशित गर्दा विद्यालयको आवश्यकता अनुसार सम्वन्धित विद्यालयले प्राथमिकताक्रम अनुसार क्रमशः विज्ञान, गणित र अंग्रेजी विषयलाई प्राथमिकता प्रदान गरी विषयगत रुपमा सूचना प्रकाशन गरी सोहि बमोजिम शिक्षकको छनौट गर्न सक्नेछ।

७. **मूल ऐनको दफा ६० मा संशोधन :** मूल ऐनको दफा ६० को उपदफा (४) पछि देहाय अनुसार उपदफा (४क), (४ख), (४ग) र (४घ) थप गरिएको छ :

(४क) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै शिक्षक वा कर्मचारीले ऐनको दफा ११३ बमोजिमको आचारसंहिता बारम्वार उल्लंघन गरी शिक्षण सिकाई सहजीकरणमा बाधा पर्ने गरी कार्य गरेमा तत्काल विद्यालय व्यवस्थापन समितिको वैठक बस्न सक्ने अवस्था नभएमा प्राधानाध्यापकको सिफारिसमा नगर शिक्षा अधिकारीले निजलाई नगरपालिका भित्र सञ्चालित विद्यालयहरुमा रिक्त दरबन्दीमा सरुवा गर्न वा शिक्षा, युवा तथा खेलकुद शाखामा कामकाजमा राख्न सक्नेछ। साथै लगत्तै वस्ने व्यवस्थापन समितिको वैठकबाट प्रधानाध्यापकले सो कार्यको अनुमोदन गराउनु पर्नेछ।

(४ख) कुनै माध्यामिक तथा निम्न माध्यामिक तह संचालित विद्यालयमा आवश्यक शिक्षक दरवन्दी नरहेको अवस्थामा कुनै अन्य सामुदायिक विद्यालयमा प्राथमिक दरवन्दीमा कार्यरत माथिल्लो तहको शैक्षिक योग्यता भएको र तालिम प्राप्त शिक्षकलाई माध्यामिक/निम्न माध्यामिक विद्यालयमा र माध्यामिक/निम्न माध्यामिक विद्यालयमा समान तहमा कार्यरत माथिल्लो शैक्षिक योग्यता प्राप्त नगरेको शिक्षकलाई प्राथमिक विद्यालयमा शिक्षा अधिकारीले नगर प्रमुखको रायमा विद्यालयको सहमती विना नै सरुवा गर्न सकिनेछ।

(४ग) नगरपालिका भित्र कुनै प्राथमिक विद्यालयमा रिक्त रहेको स्वीकृत दरवन्दीमा नगर प्रमुखको पूर्व स्वीकृति लिई माध्यामिक तथा निम्न माध्यामिक विद्यालयमा प्राथमिक तहका राहत वा स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकको सरुवा गर्न सकिनेछ।

(४घ) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (४क), (४ख) र (४ग) बमोजिम हुने सरुवा जुनसुकै समयमा पनि गर्न सकिनेछ।

८. **मूल ऐनको दफा १०६ मा संशोधन :** मूल ऐनको दफा १०६ पछि देहाय अनुसार दफा १०६क. थप गरिएको छ :

**१०६क.अस्थायी अध्यापन अनुमतिपत्र सम्वन्धी व्यवस्था :** नगर कार्यपालिकाले अस्थायी अध्यापन अनुमति पत्र सम्वन्धी आवश्यक कार्यविधि वनाई नगर शिक्षा, युवा तथा खेलकुद शाखाबाट अस्थायी अध्यापन अनुमति पत्र दिन सक्नेछ।

९. **मूल ऐनको दफा १०८ मा संशोधन :** मूल ऐनको दफा १०८ पछि देहाय अनुसार दफा १०८क. थप गरिएको छ :
**१०८क. शून्य दरवन्दी भएका माध्यामिक तह (कक्षा ११ र १२) संचालन सम्वन्धी विशेष व्यवस्था :** (१) नेपाल सरकार र प्रदेश सरकारबाट कुनै पनि किसिमको शिक्षक दरवन्दी वा अनुदान प्राप्त नगरी नगरपालिका भित्र माध्यामिक तह (कक्षा ११ र १२) संचालन गरिरहेका माध्यामिक विद्यालयहरुले सो अनुदान प्राप्त नगरुन्जेल सम्म कक्षा ११ र १२ को कक्षा विहानको समयमा निर्धारित पाठ्भार पुरा हुनेगरी गर्न गराउन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमका विद्यालयहरुले विद्यालयको आवश्यकता अनुसार प्राथमिक तथा निम्न माध्यामिक तहका कक्षाहरुमा सिकाई सहजिकरण गर्नका लागि कक्षा ११ र १२ का विद्यार्थीहरुलाई सहभागी गराउन सक्नेछन्। साथै विद्यार्थीहरुको त्यस्तो सहभागितालाई विद्यार्थीको मूल्यांकनमा समेत जोडिनेछ।



नाम थर : ज्ञानमणि नेपाल
पद : प्रमुख प्रशासकीय अधिकृत (सचिव)
हस्ताक्षर :